म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२७ मंगलबार, २४ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 8 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कृषियन्त्र तथा उपकरण वितरण

हेटौंडा, २३ असार/'कृषिउत्पादनमा यान्त्रिकीकरण प्रवर्द्धन गर्दै स्थानीय कृषकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने' उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले कृषियन्त्र तथा उपकरण वितरण कार्यक्रम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार सञ्चालन गरिएको यस कार्यक्रममा स्थानीय किसान, सहकारी संस्था तथा कृषि समूहलाई आधुनिक कृषियन्त्र हस्तान्तरण गरिएको हो । कार्यक्रम 'स्वच्छ, उत्पादनशील, समृद्ध सहर हेटौंडा' भन्ने नारासहित हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसरमै आयोजित गरिएको थियो । कार्यक्रममा नगरप्रमुख मीनाकुमारी लामा, नगरउपप्रमुख राजेश बानियाँ, आर्थिक विकास महाशाखा प्रमुख जगन्नाथ सापकोटा, कृषि विकास शाखाप्रमुख प्रदीप रेग्मीलगायत जनप्रतिनिधि, कर्मचारीहरु तथा लाभार्थी कृषकको सहभागिता रहेको थियो । कृषि विकास शाखाका अनुसार आर्थिक वर्ष २०८१/८२ को कृषियन्त्रीकरण प्रवर्द्धन कार्यक्रमअन्तर्गत ५०% अनुदानमा १९ वटा हाते ट्र्याक्टर ७१ वटा स्प्रे पम्प ७९ वटा ज्याब प्लान्टर १ कम्बाइन मिल १ पानी तान्ने पम्प र ४१ वटा मकै छोडाउने मेसिन हस्तान्तरण गरिएको थियो ।

### बागमती प्रदेश सरकारको बजेट बहुमतले पारित

# सबै सदस्यले धैरै-थोरै बजेट पाएको छः मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बहुमतले पारित भएको छ । सोमबार बिहान ८ बजेदेखि बसेको बैठकले अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र विनियोजन विधेयक २०८१ बहुमतले पारित गरेको हो ।

बैठकले प्रदेश सरकारको बजेटको पुरक प्रस्ताव समेत स्वीकृत गरेको छ । प्रस्तावलाई विनियोजन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव प्रदेशसभा बैठकले बहुमतले स्वीकृत गरेको हो । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संसदमा पेस गरेको प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गरियोस् र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई पारित गरियोस् भन्ने प्रस्तावलाई बहुमतले पारित गरेको हो ।

मन्त्री काफ्लेले पेस गरेको प्रस्तावलाई सभामुख भुवनकुमार पाठकले निर्णयार्थ पेस गरेका थिए । बैठकमा प्रदेशसभाका ७ जना सांसदहरुले सरकारको बजेटमा खर्च कटौतीको प्रस्ताव राखेका थिए । बैठकमा सांसद देवेन्द्र श्रेष्ठ, प्रेम पुलामी, रुकु चौलागाई, सुष्पा भुजेल, उर्मिलाकुमारी लामा र सृजना सायजुले खर्च कटौतीको प्रस्ताव दर्ता गराएका थिए ।

सांसद आशा लामा र कुमारी तामाङले संयुक्तरुपमा दर्ता गरेको कटौतीको प्रस्ताव संसदमा प्रस्तुत हुन सकेन । संसदमा प्रस्तुत भएको खर्च कटौतीको प्रस्तावलाई सभामुख पाठकले निर्णायार्थ पेस गरेका थिए । प्रस्तावहरु बहुमतले अस्वीकृत भएका थिए ।

त्यसअघि प्रदेशसभामा सरकारको बजेट माथि सांसदहरुले आइतबार र सोमबार बिहान धारणा राखेका थिए भने विभागीय मन्त्रीहरुले बजेट माथि उठेका प्रश्नको जवाफ दिएका थिए । बजेटको क्रममा उठेका जिज्ञासाको जवाफ दिंदै मुख्यमन्त्री बहादुरसिंह लामाले बजेट निर्माणको क्रममा विचौलियाको प्रवेश नभएको दाबी गरे । विगतमा पनि यस्तो कुरा उठ्ने गरेको भन्दै मुख्यमन्त्री लामाले विचौलिया प्रवेशको विषयलाई कसैले पनि प्रमाणित गर्न नसकेको जिकिर गरे । उनले अहिले पनि बजेट निर्माणको क्रममा विचौलिया प्रवेश गराइएको प्रमाणित भए सम्बन्धित मन्त्री र कर्मचारीलाई बर्खास्त गर्ने बताए ।




मुख्यमन्त्री लामाले प्रदेश सभाको सबै सदस्यले धैरैथोरै बजेट पाएको दाबी गरे । प्रदेशबासीको आवश्यकताहरु धैरै भएकोले त्यसलाई प्रदेशको क्षमता र आवश्यकताको आधारमा प्राथमिकीकरण गरिएको उनको भनाई छ । मुख्यमन्त्री लामाले कुल बजेटमा ८० प्रतिशत संघ सरकारमै निर्भर रहनुपर्ने भएकोले प्रदेशको आयआर्जन वृद्धि गर्नुपर्ने आजको आवश्यकता भएको उल्लेख गरे । प्रदेशको समृद्धिको लागि सत्तापक्ष र प्रतिपक्ष एकजुट भएर अगाडि बढ्नुपर्ने उनको भनाई छ । पछिल्लो समय व्यवस्था माथि नै प्रश्न उठिरहेको सन्दर्भमा संघीयता मजबुत हुने गरी प्रदेश सरकारले काम गरिरहेको उनले बताए ।

यसैगरी बैठकले बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमाथि देखिएको विवाद समाधानतर्फ अघि बढ्दै गर्दा सरकारले दर्ता गरेको बजेटको पूरक प्रस्ताव पनि पारित भएको छ । बजेट निर्माणका क्रममा छुटेका योजना र कार्यक्रम समेटेर तयार पारिएको पूरक प्रस्तावमा एक हजार पाँच सयभन्दा बढी योजना समावेश गरिएको छ ।

पूरक प्रस्तावमा अर्थ विविधको बजेट, दोहोरिएका कार्यक्रम, चालूतर्फको अनुदान, एनजिओमार्फत वितरण गरिएका कार्यक्रम र अनाधिकृतरुपमा समावेश गरिएका योजना कटौती गरेर कार्यान्वयन अघि बढाउने तयारी गरिएको छ ।

यस्तै बजेटसम्बन्धी विवाद उत्कर्षमा पुगेका बखत सत्तारुढ दलका सांसदहरुले बजेट प्रणाली, सरकारी संरचना र प्रशासनिक व्यवस्थापनमा सुधारको माग सहित सत्तापक्षकै सांसद्बाट दर्ता भएको संकल्प प्रस्ताव प्रदेशसभाबाट सर्वसम्मितले स्वीकृत भएको छ । नेपाली कांग्रेस र नेकपा एमालेका २/२ जना सांसदले दर्ता गरेको प्रस्तावले सरकारको बजेट निर्माण प्रक्रिया, मन्त्रालयको संख्या, आयोग तथा बोर्डहरुको औचित्य, प्रशासनिक संरचना तथा योजनातर्जुमा प्रक्रिया सुधारका लागि संकल्प प्रस्ताव दर्ता गराएका हुन् ।

उनीहरुले प्रदेशको हालको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सुधारको माग गरेका हुन् । कांग्रेसबाट प्रभात तामाङ र रमेशकुमार महत तथा एमालेबाट केशवप्रसाद पोखरेल र मधुसूदन पौडेलले संकल्प प्रस्ताव दर्ता गरेका हुन् । बागमती सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को लागि ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेट प्रस्ताव गरेको थियो ।

बजेट माथि असार १२ गतेदेखि छलफल गर्ने कार्यसूची तय रहेको थियो । बजेटमाथिको विवादका कारण प्रदेशसभा बैठक प्रभावित हुँदा बजेट माथिको छलफल असार २० गतेबाट सुरु भएको थियो । बजेट विवादका कारण पटक पटक प्रदेशसभा बैठक स्थगित भएपछि दलहरुबीच बजेट माथिको छलफल थाल्न ८ बुँदे सहमति सहित बजेटको पुरक प्रस्ताव ल्याउनु परेको थियो ।

# पशुपतिनाथ माविमा योग शिबिर सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ चैनपुर जेसीज मनहरीको आयोजना, मनहरी-मसिनेस्थित पशुपतिनाथ माध्यमिक विद्यालयको समन्वय र जीवन विज्ञान मकवानपुरको सहयोगमा साताब्यापी योग ध्यान शिबिर भएको छ ।

विज्ञानमा रुचि भएका नवप्रतिभा विद्यार्थीलक्षित गर्दै प्रयोगात्मक ज्ञान तथा नेतृत्व क्षमता अभिवृद्धिका लागि साप्ताहिक नि:शुल्क कार्यक्रम संचालन गरिएको थियो । असार १६ गतेदेखि विद्यालयमा सुरु भएको शिबिर सोमबार समापन भएको हो । विद्यालयका ७५ भन्दा बढी विद्यार्थी सहभागी कार्यक्रम चैनपुर जेसीज मनहरी वर्ष २०२५ का अध्यक्ष कृष्णप्रसाद ढकालको सभाध्यक्षतामा भएको हो । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर प्रमुखआतिथ्यमा कार्यक्रममा भएको हो ।

जीवन विज्ञान मकवानपुरका अध्यक्ष पुरुषोत्तम प्रधान, जीवन विज्ञान मकवानपुरका अनिता गौतम, निर्मला श्रेष्ठ, नीरञ्जन खतिवडा, पशुपतिनाथ मावि व्यवस्थापन समिति अध्यक्ष माधव गौतम, मनहरी गाउँपालिका-४ का निवर्तमान वडाअध्यक्ष ध्रुव खड्कालगायतको आतिथ्यता रहेको थियो । विद्यालयमा अध्ययनरत विद्यार्थी र जेसीज सदस्य गरी ७५ जना बढी सहभागी रहेको कार्यक्रममा चैनपुर जेसीज मनहरी वर्ष २०२५ का महासचिव सुरेश गौतमले सहजीकरण गरेका थिए ।






## हाम्रो कुरा

# प्रभावकारी बन्दै विद्यालय नर्स

विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई सामान्य स्वास्थ्यपरीक्षण, पत्रुखाना निषेध, ब्यक्तिगत सफाईको चेतना नियमित भिटामिनजन्य सेवा र छात्राका लागि आवश्यक परामर्श जस्ता कार्यले निकै राहत पगेको छ । विद्यालय नर्स झट्ट हेर्दा सामान्य लाग्छ तर, यसले ग्रामीण क्षेत्रका बालबालिकामा ज्यादै राम्रो प्रभाव पारेको छ । बागमती प्रदेश सरकारले गरेका काममध्ये यो पुण्यकार्य साबित भएको छ । सानातिना चोटपटक लाग्दा पनि बालबालिकाले आवश्यक स्वास्थ्यउपचार पाएका थिएनन् । विद्यालयमा नर्सको दर्बन्दी ब्यवस्थापन भएपछि बालबालिकालाई धेरै राहत मिलेको छ । विद्यालय नर्स दर्बन्दी स्थायी नभएकै कारण नर्सहरु लामो समय विद्यालयमा टिकेका छैनन् । बागमती प्रदेशको ८ सय भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको छ । विद्यालयमा नर्सको ब्यवस्था भएपछि साना बालबालिकाको सामान्य बिरामी पर्दा पनि चासो राख्ने ब्यक्ति विद्यालयमा उपलब्ध भएपछि साना बालबालिका बढी खुशी भएका छन् ।

विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सर सफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो । प्रदेशको ८ सय ४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका १ सय १९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेट्ने प्रयास गरेको छ । सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स खटाइएको मन्त्रालयले जनाएको छ । किशोर-किशोरीको यौन तथा प्रजननस्वास्थ्य सुधारलाई मध्येनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको हो । पहिलोचरणमा छनोट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो । तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री युवराज दुलाल 'शरद'ले यो कार्यक्रमलाई प्रदेश सरकारको प्रमुख कार्यक्रमको रुपमा अघि सारेका थिए । नागरिकमा सकारात्मक र प्रभावकारी नतिजा प्रदान गर्ने उद्देश्यअनुसार कार्यक्रम अघि बढाइएको थियो । प्रदेशको विकट तथा दुर्गम क्षेत्रका विद्यालयमा नर्सको पद रिक्त रहेका छन् । प्रदेशको ६१ विद्यालयमा नर्सहरुले विभिन्न कारणले जागिर छाडेका छन् । स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका अनुसार गत पुससम्म १०० को संख्यामा नर्सहरु रिक्त रहेको भएपनि हाल ६१ विद्यालयमा मात्र नर्स रिक्त रहेको छ ।

रिक्त रहेका विद्यालयमा निर्देशनालयमार्फत प्रक्रियागतरुपमा छनोट गरी नर्सहरुलाई नियुक्ति दिने काम भइरहेको निर्देशनालयले जानकारी दिएको छ । तथ्यांक अनुसार ३३ गाउँपालिका र एक नगरपालिकाका विद्यालयमा नर्स छैनन् । काभ्रेको २, सिन्धुपाल्चोकको ६, दोलखा ६, र सुवाको ३, धादिङको ६, रामेछापको ५, ललितपुरको १, नुवाकोटको ४ गाउँपालिकामा नर्स छैनन् भने नुवाकोटको एक नगरपालिकामा पनि नर्स रिक्त रहेको छ । विद्यालय नर्स टिक्ने वातावरण सृजना गर्नका लागि उनीहरुको सेवाको सुनिश्चितता जरुरी छ । यसका लागि प्रदेश सरकारले स्थायी दर्बन्दी सृजना गरी सकेसम्म स्थानीय नर्सलाई नियक्त गर्नु जरुरी छ । नर्सिङ कोर्ष अध्ययन सकेर केही समय विद्यालयमा करारमा काम गर्ने नर्सहरु धमाधम विदेशिने गरेका छन् । नर्स पलायन रोक्ने एउटै उपाय भनेको उनीहरुको दर्बन्दी स्थायी गरी स्थायी नियुक्ति दिन जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २५ गते बुधबार ९ जुलाई २०२५ । चतुर्दशी, असाढ शुक्लपक्ष । दिल्लाध्व ११४५ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# राजासहितको प्रजातन्त्र अबको विकल्प



✍ डा. महेन्द्रबहादुर कार्की

देश चलाउन नजान्ने, देशको माया नभएका, जनताको माया नभएकाको हातमा देश पर्न गएकोले देश चिन्ताजनक अवस्थामा छ । देशका होनाहार युवालाई विदेशिन बाध्य यिनैले पारेका हुन् । देशमा उधोगधन्दा, व्यापार व्यवसाय, आम्दानीका स्रोतहरु सुक्दै गएको अवस्था छ । देशका शिक्षित वर्गले अनुभव र पढेर सिकेका विषय विदेशमा प्रयोग गरिरहेका छन् । देशमा कुनै कलकारखाना, उद्योगधन्दा नभएकाले शिक्षित जनशक्तिले आफूले सिकेका सीप स्वदेशमा प्रयोग गर्न पाएनन् । राजनीतिक नेताहरु विदेशीको इशारामा चलिरहेका छन् । वैदेशिक नीति समान देखिँदैन । दुई देशको तरुलको रुपमा बसेको सानो देशलाई ठूला देशले थिचोमिचो गरिरहेको अवस्था छ ।

राजनीतिक दलका प्रमुख नेताहरु देशको मायाभन्दा विदेशी दलाली गरेर पैसा आर्जन गर्ने धन्दामा लागेको देखिन्छ । विभिन्न सामाजिक संघसंस्था, अदालत, प्रहरी प्रशासन, विभिन्न कार्यालयहरुलाई मुठीमा राखेर प्रमुख नेताहरुले आफू अनुकूल निर्णय गराइरहेका छन् र आफ्नो हैकम चलाइरहेका छन् । वडादेखि केन्द्रसम्मका जनतालाई विभिन्न प्रलोभनमा पारेर भोट बटुलिरहेका छन् । गरिब जनता आज खाएँ भोलि के खाऊँ भन्ने अवस्थामा छन् ।

राज्यका विभिन्न क्षेत्रहरु बिचौलियाको हातमा चलेको छ । न्याय पाउने ठाउँमा न्यायका लागि अनुरोध गर्न जाँदासम्म आर्थिक चलखेल हुन्छ । त्यसैले गरिब जनता न्यायिक क्षेत्रबाट विमुख हुनुपर्ने अवस्था छ । त्यसैले देशको अहिलेको समग्र स्थिति दयनीय र चिन्ताजनक अवस्थामा पुगेको छ । टोल-टोलमा गुन्डागर्दी भइरहेको अवस्था छ । देश सामाजिकरुपमा विकृत हुँदै गएको छ । दलहरुले प्रजातन्त्रको नाममा, व्यवस्थाको नाममा जनतालाई ठगिरहेका थिए र अब पनि जनतालाई ठग्न गणतन्त्रको वकालत गरिरहेका छन् । त्यसैले अब जनता सधैँ झुक्किने छैनन् ।

राजाले अब राज्यको जिम्मेवारी सम्हाल्नु अनिवार्य भयो । देशमा भ्रष्टाचार भइरहेको बेला, जनताले आँसु बगाइरहेको बेला, बिचौलियाहरु अझ मजबुत भएको बेला, गरिब जनताले न्याय नपाएको बेला, विकास निर्माण ठप्प भएको बेला, विदेश सम्बन्ध बिग्रँदै गएको बेला राजा ज्ञानेन्द्र सक्रिय हुनु अनिवार्य थियो, अहिले सक्रिय हुनुभयो । वास्तवमा भन्नुपर्दा पृथ्वीनारायण शाहले बाइसे-चौबीसे राज्यलाई जोडेर नेपाल निर्माण गर्नुभएको सबैलाई सर्वविदित नै छ । पृथ्वीनारायण शाहको आफ्नै सन्तान हुन् राजा ज्ञानेन्द्र । आफ्नो पुर्खाले आर्जन गरेको देश बिग्रिन लाग्दा राजा ज्ञानेन्द्र सक्रिय हुनु स्वाभाविकै हो ।

अब नेताहरुको विदेशमा रहेको सम्पत्ति राष्ट्रियकरण गरी विकास निर्माणमा लगाउनुपर्छ । अत: जेठ १५ गतेदेखि राजसंस्थावादीहरु निर्णयक आन्दोलनमा उत्रिनु स्वाभाविक हो । अब गणतन्त्रका नेताहरुको हातबाट सत्ता खोस्ने दिन आउँदै छ । अब हाम्रो आन्दोलन निर्णायकरुपमा अघि बढ्दै छ । जनताले चाहे भने कुनै पनि बेला राजसंस्था फर्किनेछ । राजसंस्था पुनर्स्थापित नगरी हाम्रो आन्दोलन रोकिँदैन । राजाले इमानदारीपूर्वक जनधनको क्षति नहोस् भनेर त्यति बेला राजगद्दी त्याग्नुभएको हो । अब त्यसरी नै शान्तिपूर्णरुपमा दलहरुले राजालाई श्रीपेच फिर्ता दिनुपर्छ ।

देशका युवाशक्तिलाई यहाँ काम गर्न नसक्ने वातावरण निर्माण गरी यहाँ बसेका सोझा जनतालाई झुक्याएर भ्रष्टाचार गरिरहेको अवस्था छ । कलकारखाना यिनैले बेचेका हुन् । जतातत‍ै अराजकता यिनैले गर्दा भएको हो । हरेक निकायमा यिनै गणतन्त्रवादीले लुटिरहेका छन् । त्यो लुटेको सम्पत्ति मात्र खर्च गर्ने हो भने देश विकास हुने थियो । जनतालाई सस्तो आश्वासनमा भुलाएर देशबाट लुटेको धन स्वीट्जरल्यान्डमा राख्ने गरेको अब जनताले बुझिसकेका छन् । देशको यो अवस्थामा जनता संगठित र आन्दोलित हुनुपर्ने अवस्था छ । जबसम्म जनताले बुझ्दैनन्, तबसम्म गणतन्त्रवादीहरुले देश यसरी नै लुटिनै रहनेछन् । शिक्षा, स्वास्थ्य, रोजगारी क्षेत्रलाई मजबुत पार्न पनि राजासहितको व्यवस्था आवश्यक छ । अब सनातन हिन्दुहरु आन्दोलित हुन आवश्यक छ । यदि उनीहरु आन्दोलित भए भने अब देशमा राजसंस्था र हिन्दुराज्य एकैपटक पुनर्स्थापना हुनेछ ।

देशमा आउने विभिन्न मेसिन, पार्टपुर्जा, कच्चा पदार्थहरु बोर्डरबाट भन्सार तिरेर आयात गरिन्छ । त्यसैले ती सामग्रीको बढी मूल्य पर्ने हुन्छ । तर त्यही सामान छिमेकी राष्ट्रबाट चोरी निकासी भएर आउँदा सस्तोमा आउने भएपछि देशका उत्पादनकर्ताहरु पनि धराशयी हुँदै गएको अवस्था छ । यसै गरी देशको कृषिमा काम गर्ने युवाशक्ति विदेशिरहेका छन् । देशमा उत्पादन नभएपछि विदेशबाट ल्याउनुपर्छ । त्यसैले मूल्य बढ्नु स्वाभाविक हो । त्यसमाथि विदेशी खाद्यान्न नुन, तेल, चामल, फलफूलमा समेत केमिकलको प्रयोग गरेर मिसावट गरिएको पाइन्छ । त्यसको फलस्वरुप जनतालाई विभिन्न रोग लागिरहेको छ । गरिब जनताले नुन, तेल, चामललगायतका वस्तु किन्न सक्ने अवस्था छैन । महँगी नियन्त्रण गर्न बनेका सरकारी संयन्त्र मुकदर्शक भइरहेको देखिन्छ ।

युवाशक्तिको विदेश पलायन, विभिन्न क्षेत्रमा महँगो कर, नेताहरुलाई जनताप्रति माया नहुनु, भ्रष्टाचार बढ्दै जानु, नेताका नातागोताले विभिन्न ठाउँमा पेवाको रुपमा सम्पूर्ण ठाउँमा कृकृत्य गर्नु, कुनै पनि ठाउँमा अनुगमन नहुनुजस्ता कारणले देश विकास नभएको हो । शिक्षा क्षेत्र अनुसन्धानमूलक नहुनु, व्यावहारिक नहुनु र राम्रो शिक्षाका लागि विदेश जानुपर्ने र यहीँ पनि निजी स्कुल क्याम्पसमा पढाउनुपर्ने बाध्यता रहेको छ । त्यसमाथि देश हाँक्ने दलका नेताहरुको अदूरदर्शिताका कारण देश विकास नभएको हो । नेपालमा उत्पादन भएका जडीबुटीहरु सस्तोमा विदेश पैठारी हुनु तर विदेशबाट महँगोमा औषधि किन्न परिरहेको छ । त्यसैले स्वदेशमै औषधिजन्य नरम नीति ल्याउनुपर्छ । प्राकृतिक उपचार र प्राकृतिक शिक्षा नेपालमै हुनु आवश्यक छ । त्यसैले राजा नआई शैक्षिक नीति फेरिएला जस्तो देखिँदैन ।

त्यसो त राप्रपा स्थापनाकालदेखि राजावादी र हिन्दुवादी पार्टी हो । अरु खोलिएका पार्टीहरुले केही गर्न सक्दैनन् भन्ने बुझेर नै हाम्रो विधानमा पनि यही कुरा उल्लेख गरिएको हो । अब हामी हिन्दु राज्य र राजसंस्था पुनर्स्थापना गर्न सडक र सदनबाट आन्दोलित भइरहनेछौं । हाम्रो सम्पूर्ण संयन्त्र आन्दोलनमुखी बनाइरहेका छौं । त्यति बेला जनताको बलमा गणतन्त्र आयो । अब जनताकै बलमा राजासहितको प्रजातन्त्र बहाली हुँदै छ । त्यसैले गणतन्त्र देश र जनताको हितमा थिएन भन्ने कुरा अहिले पुष्टि भएको छ । त्यसैले राप्रपाले टोल-टोल, वडा-वडा, क्षेत्र-क्षेत्र र जिल्ला-जिल्लाका जनतालाई राजसंस्थाबारे बुझाउँदै आएको छ । अब हामी निर्णायक आन्दोलनमा छौं ।

यतिखेर देश र जनताको माया गर्ने, शिक्षित, अनुभवले परिपूर्ण भएको, स्थानीय जनताको समस्या बुझेको, नि:स्वार्थ भावनाले देश बचाउनुपर्छ भन्ने असल भावना बोकेको व्यक्ति देशलाई आवश्यक छ । राजसंस्था र सनातन हिन्दु राज्य अहिलेको आवश्यकता भएको छ । यस बेला जनताको चाहना र समय-परिस्थिति पनि यही छ । त्यसै कारणले देश बचाउनका लागि राजावादी सनातन हिन्दुवादी र राष्ट्रवादीहरुलाई राप्रपाको नेतृत्वमा हुने आन्दोलनमा सरिक हुन आह्वान गरिन्छ ।

अब हामीलाई राजसंस्थावादीहरुको साथ चाहिएको छ । देवीदेवतालाई आफ्नो शिरमा राख्ने हिन्दुहरु हाम्रो साथमा छन् । राजा ज्ञानेन्द्रको हामीलाई एक इशारा मात्र चाहिएको छ, हामी टाउकोमा कफन बाँधेर सडकमा उत्रिन तयार छौं । अब हिजोका के कांग्रेस, के कम्युनिस्ट, कतिपय नागरिक राजा मान्न तयार भएर बसेको अवस्था छ । जनताको अपार माया भएकाले राजावादीहरु डराउनुपर्ने अवस्था छैन । पूर्वप्रधानमन्त्री माधव नेपालसम्म अख्तियारको फन्दामा परेको देखिँदा गणतन्त्रवादी कस्ता रहेछन् भन्ने छर्लंग भएको छ । अरु ठूला नेता पनि अख्तियारमा पर्ने हामीले देखेका छौं, बुझेका छौं ।

गणतन्त्रवादीहरुले गणतन्त्र आएको यो १८ वर्षको अवधिमा के गरे ? काण्डैकाण्डमा मुछिएका छन् । जानेसम्म, बुझेसम्म लगातार देश लुटिरहेका छन् । यो कुरा अब जनताले बुझिसकेका छन । जनता अहिलेभन्दा त देश राजा हुँदा राम्रो थियो भनिरहेका छन् । अधिकांश जनताको यही अभिमत छ । गरिब जनताको सेवा गर्छु भनेर आएका गणतन्त्रवादीले महल ठड्याए । चप्पल लगाएर हिँड्ने नेताहरु पजेरोमा हिँड्छन् । यस्तो अवस्थामा राजसंस्था बहाली गर्न हामीले गरिरहेको आन्दोलन गरिबको लागि हो, सबै जनताको लागि हो । नयाँ बजेट आउँछ, धनीलाई पोस्छन्, गरिब जनतालाई करमाथि कर थोपरिन्छ, कर्मचारीको तलब बढाइँदैन । हुँदाहुँदा वृद्ध भत्ता पाउने उमेर पनि गणतन्त्रवादीले बढाए । त्यही वृद्ध भत्ताबाट गुजारा चलाइरहेका गरिब जनताले के गर्ने ? अब हरेक किसिमबाट गणतन्त्र असफल भएको छ ।

जनता कांग्रेस, कम्युनिस्टको सस्ता नारामा फसे । राप्रपा जन्मजात राजावादी पार्टी हो । अब हामी गणतन्त्रवादीका कुनै पनि धम्कीमा नडराई संघर्षको मैदानमा उत्रिन्छौं । हिजोको अवस्था अब छैन । बागमतीमा धेरै पानी बगिसकेको छ । जतातत‍ै राजावादी छन् । सडकमा नउत्रे पनि, घरमै बसेर भए पनि जनताले हाम्रो आन्दोलनलाई साथ र सहयोग गरिरहेका छन् । कुनै पनि बेला लाखौंलाख जनता सडकमा उत्रँदै छन् । जहाँ राजा, त्यहाँ हामी । राजा भएको ठाउँ विकास हुँदैन, स्वतन्त्रता पाईँदैन भन्नु गलत प्रचार हो । बेलायत, जापानसहितका दर्जनौं देशमा अझै राजसंस्था छ । त्यहाँका जनता राजालाई आफ्नो आमा-बुबाजस्तो सम्झिन्छन्, हामी पनि राजालाई आफ्नै अभिभावकका रुपमा लिन्छौं । देश विकास गर्न, देशमा शान्ति सुशासन ल्याउन, राजसंस्था चाहिन्छ । त्यसैले हाम्रो आन्दोलन हरेक किसिमले आवश्यक र सान्दर्भिक छ । यो निर्णायक युद्ध हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# अध्यादेश र विवाद : ३५ वर्षदेखि सँगसँगै

✍ कुनालसिंह चौहान

संसदीय सुनुवाइ विना नै विभिन्न संवैधानिक आयोगमा नियुक्त भएका ५२ पदाधिकारी जोडिएको मुद्दा अन्तत: सर्वोच्च अदालतको फैसलापछि टुंगिएको छ । संवैधानिक पदाधिकारीहरूको नियुक्ति अघि सिफारिसका लागि संवैधानिक परिषद्को बैठक बस्ने व्यवस्था छ । बैठकले गरेको सिफारिस अनुसार संसदीय सुनुवाइ हुने र अनुमोदन भएकाहरूलाई राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ । तर, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशको सहारामा संवैधानिक परिषद्को बैठकसम्बन्धी व्यवस्था परिवर्तन गरेका थिए । त्यसपछि बसेको परिषद् बैठकले सिफारिस भएकाहरूको संसदीय सुनुवाइ नै नभई राष्ट्रपतिबाट नियुक्ति भएको थियो ।

प्रतिनिधिसभा भंग रहेको अवस्थाका कारण संसदीय सुनुवाइ हुन नसेकेको सरकार पक्षको तर्क थियो । यही विषयमा परेको रिटमाथि संवैधानिक इजलासबाट फैसला आएपछि पुन: एकपटक अध्यादेश सरकारको अधिकार हो वा बलमिच्याइँ भन्ने बहस चलिरहेको छ । यस्तो विवाद र बहस पहिलोपटक चलेको होइन् । नेपालले संविधानमै व्यवस्था गरेर अध्यादेश ल्याउन थालेको ३५ वर्ष पुगेको छ। यो अवधिमा बनेका सरकारले सयौं अध्यादेश ल्याएका छन् ।

तर, ती सरकारले ल्याएको सबै अध्यादेश कुनै न कुनै विवादमा परेकै छन् । यसरी पनि भन्न् सकिन्छ, अध्यादेश र विवाद सधैं सँगसँगै हिँडिरहेको देखिन्छ । त्यस्तो विवाद निरुपण गर्न थुप्रैपटक न्यायालयको ढोका ढकढक्याइएको देखिन्छ । तर त्यसपछि पनि बहस टुंगिएको पाइँदैन । जसरी ५२ पदाधिकारीको विषयमा सर्वोच्चको फैसलापछि पनि बहस र तरंग जारी छ । सामान्य अर्थमा अध्यादेश भनेको सरकारले विशेष परिस्थितिमा संसद्को अधिवेशन नभएका बेला तत्काल लागू गर्न जारी गरिएको कानूनी व्यवस्था भन्ने बुझिन्छ । 'अध्यादेश' शब्द संस्कृतबाट रूपान्तरित हुँदै बनेको शब्द हो, जुन 'अघि' अर्थात् अगाडि वा प्राथमिकता र 'आदेश' अर्थात् निर्देश वा आज्ञाको संयोजनबाट बनेको हो । अंग्रेजीमा 'अर्डिनेन्स' भनिने शब्द ल्याटिन शब्द 'अर्डिनेयर' बाट बनेको हो, जसको अर्थ व्यवस्थित गर्नु भन्ने बुझिन्छ ।

प्राचीन रोमन गणतन्त्र र साम्राज्यमा, सिनेट वा सम्राटहरूले विशेष परिस्थितिमा 'सेनाटस कन्सलटम' वा सम्राटीय आदेशहरू जारी गर्थे, जुन आधुनिक अध्यादेशको प्रारम्भिक रूप मान्न सकिन्छ । यस्ता अभ्यासहरू अन्य प्राचीन सभ्यतामा समेत प्रयोग हुन्थे । मध्यकालमा राजा र सामन्ती शासकहरूले 'रोयल डेक्री' वा 'प्रोकलमेसन' जारी गर्थे, जुन अध्यादेशको रूपमा प्रयोग गरिन्थ्यो । उदाहरणका लागि बेलायतमा १७औं शताब्दीमा संसद्को सहमति विना पारित गरिएको 'सेल्फ डिनाइङ अर्डिनेन्स, १६४५' लाई अध्यादेशको रूपमा लिन सकिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा नेपालको पहिलो संविधानको रूपमा रहेको नेपाल सरकार वैधानिक कानुन, २००४ मा अध्यादेशसम्बन्धी स्पष्ट र संरचित व्यवस्था उल्लेख थिएन । यो संविधान कार्यकारी अधिकार श्री ३ (राणा प्रधानमन्त्री) मा केन्द्रित भएकोले तत्कालीन आवश्यकतामा कार्यकारी आदेशहरू मार्फत शासन सञ्चालन हुने प्रचलन थियो । तथापि, आधुनिक अर्थमा अध्यादेशको अवधारणा स्पष्ट थिएन । तत् पश्चात जारी भई लागू भएको पहिलो संविधानको रूपमा रहेको नेपालको अन्तरिम शासन विधान, २००७ मा समेत अध्यादेश सम्बन्धी स्पष्ट प्रावधान थिएन ।

यद्यपि, कार्यकारी अधिकार राजा र मन्त्रिपरिषद्मा निहित भएकोले तत्कालीन आवश्यकतामा मन्त्रिपरिषद्को सिफारिसमा राजाले आदेश जारी गर्न सक्थे । यो संविधानले सल्लाहकार सभाको व्यवस्था गरेको थियो, तर अध्यादेशको औपचारिक प्रक्रिया उल्लेख थिएन । नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि अध्यादेश सम्बन्धी स्पष्ट व्यवस्था थिएन । नेपालको संविधान, २०१९ पनि अध्यादेश सम्बन्धी स्पष्ट प्रावधान उल्लेख थिएन । निर्दलीय पञ्चायती व्यवस्थामा सार्वभौमसत्ता राजामा निहित भएकोले राजाले आवश्यकताअनुसार कार्यकारी आदेश जारी गर्न सक्थे । यस्ता आदेशहरू अध्यादेशको रूपमा कार्यान्वयन हुने गर्थे, तर औपचारिक रूपमा अध्यादेशको प्रक्रिया र संसदीय अनुमोदनको व्यवस्था थिएन ।

अध्यादेश सम्बन्धी प्रष्ट व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ मा गरिएको थियो । उक्त संविधानको धारा ७२ मा उल्लेख भएअनुसार संसद्को अधिवेशन नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राजाले अध्यादेश जारी गर्न सक्थे । यस्तो अध्यादेश संसद्को अधिवेशन बसेको ६० दिनभित्र अनुमोदन नभए स्वत: निष्क्रिय हुन्थ्यो । सोही व्यवस्थाको निरन्तरता नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ ले पायो, जसअनुसार व्यवस्थापिका-संसदको अधिवेशन नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा, राष्ट्रपति सन्तुष्ट भएमा मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्न सकिने व्यवस्था गरिएको थियो ।

नेपालको संविधान, (२०७२) को भाग ९ धारा ११४ मा अध्यादेश सम्बन्धि व्यवस्था गरिएको छ । राणाशासन कालमा सम्पूर्ण कार्यकारी अधिकार श्री ३ मा निहित रही सोही बमोजिम विभिन्न आदेश तथा निर्णय गरिने भएकोले यो नै पहिलो औपचारिक अध्यादेश हो भनी ठम्याउन ज्यादै कठिन हुन जान्छ । प्रस्तुत लेख अध्यादेशको बारेमा केन्द्रित रहेकोले सो सम्बन्धमा नेपालको साथ साथै हाम्रो शासन व्यवस्थासँग मिल्दो जुल्दो परिवेश भएका अन्य मुलुकमा भएको व्यवस्थाबारे समेत चर्चा गर्नुपर्ने देखिन्छ ।

छिमेकी मुलुक भारतको संविधानको धारा १२३ मा राष्ट्रपतिलाई अध्यादेश जारी गर्ने अधिकार प्रदान गरिएको छ भने पाकिस्तानको संविधानको धारा ८९ ले राष्ट्रपतिलाई अध्यादेश जारी गर्न अख्तियार प्रदान गरेको छ । श्रीलंकाको संविधान १९७८ हेर्ने हो भने त्यहाँ अध्यादेशको स्पष्ट प्रावधान रहेको पाइँदैन । तर राष्ट्रपतिले आपतकालीन नियमहरू जारी गर्न सक्छन्, जुन अध्यादेशको समकक्ष मान्न सकिन्छ। अफ्रिकन मुलुकहरूका संविधानमा समेत अध्यादेशबारे व्यवस्था रहेको पाइन्छ । बेलायतको कानूनी व्यवस्थामा अध्यादेशबारे प्रत्यक्ष रूपमा कतै उल्लेख नभए पनि प्रत्यायोजित विधायन बमोजिम कार्यकारी निकायले आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ ।

**विश्लेषण**

१६औं शताब्दीतिर बेलायतमा राजाहरूद्वारा आफ्नो प्रभुत्व कायम गर्न विभिन्न आदेश जारी गर्ने परिपाटी थियो । १८औं शताब्दीमा आउँदासम्म संसदीय सार्वभौमिकताको प्रयोगले अध्यादेशको प्रभावकारिता हराउँदै गएको देखिन्छ । बेलायतले भारत, हङकङ जस्ता उपनिवेशित मुलुकहरूका लागि यदाकदा अध्यादेशरूपी आदेश जारी गरे पनि अन्य प्रयोजनका लागि संसद्ले बनाएको कानूनको अधीनमा नै रही आदेशहरू जारी गर्ने गरेको देखिन्छ । हाम्रो सन्दर्भमा कुरा गर्दा सर्वप्रथम नेपालको संविधानको धारा ११४ को व्यवस्था उल्लेख गर्नुपर्ने वाञ्छनीय देखिन आउँछ ।

जसअनुसार धारा ११४ को उपधारा (१)मा 'संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ' भन्ने व्यवस्था रहेको देखिन्छ । उपरोक्त धारामा उल्लेख गरेको 'तत्काल' शब्दको विश्लेषण गर्नुपर्ने आवश्यक देखिन्छ । तत्काल संस्कृतबाट आयातीत शब्द हो । जसमा तत् को अर्थ त्यो र कालको अर्थ समय हुन्छ । अर्थात् उही समयमा वा तुरुन्त भन्ने बुझिन्छ । धारा ११४ मा प्रयोग भएको तत्काल शब्दले कार्यकारिणी निकायलाई व्यवस्थापकीय वा विधायकीय परिधि भित्र प्रवेश गर्ने स्वतन्त्रता प्रदान गर्दछ, जसको मूल ध्येय शासकीय प्रभावकारिताका लागि आवश्यकतानुसार वा समयको माग अनुसार विधायिकी परिधिमा प्रवेश गरी कुनै कार्य गर्नु हो ।


प्रस्तुत लेखमा अध्यादेश जारी गर्नका लागि जनताको आवश्यकता पूर्ति, लोकतन्त्रको संस्थागत विकास, कानूनको शासन लगायत शब्दजालको प्रयोग गरिएको छैन किन भने ती कुराहरू संविधान तथा कानूनको सही र संयम अनुसरणबाट प्राप्त प्रतिफलको रूपमा रहन्छ । प्रस्तुत लेखमा अध्यादेशको राजनैतिक धरातलमा रही विश्लेषण गर्नुभन्दा पनि संवैधानिक अनुशासन, शक्तिपृथकीकरण, आवश्यकताको सिद्धान्तको सीमालाई आधार मानी विश्लेषण गर्ने प्रयास गरेको छु ।

संविधानकै व्यवस्थामा फर्किंदा धारा ११४ को उपधारा (२) ले जारी गरिएको अध्यादेश संसद्मा पेश गर्नुपर्ने, ६० दिनभित्र पारित नभए स्वत: निष्क्रिय हुने लगायतका व्यवस्था गरिएको देखिन्छ । उक्त व्यवस्थाले अध्यादेशको अवधिगत पक्षलाई सम्बोधन गरे पनि जारी गरिएको अध्यादेशले व्यवस्थापिकाको कानून (ऐन) बनाउने सार्वभौमिक अधिकार माथि गर्न सक्ने कुठाराघातको विषयलाई अदालतको व्याख्या तथा विश्लेषण गर्ने अधिकार मानी सोको सम्मान गरी मौनता प्रकट गरेको देखिन्छ। साथै उक्त धारामा उल्लेख गरिएको ऐनसरह मान्य हुने भनी गरेको व्यवस्थाले ऐनले बोक्न सक्ने दीर्घकालीन सोच, दूरगामी नजरिया एउटा अध्यादेशले बोक्न सक्छ वा सक्दैन भन्ने विषयमा समेत छलफल गर्नुपर्ने देखिन्छ ।

यस सन्दर्भमा बेलायतको वर्तमान कानूनी संरचना, पद्धति तथा प्रणाली हेर्ने हो भने कार्यपालिकाले प्रत्यक्ष रूपमा अध्यादेश जारी गरी गर्ने अभ्यास विरलै देखिन्छ । त्यहाँ ऐनले गरेको व्यवस्था बमोजिम प्रत्यायोजित विधायन मार्फत मात्र अध्यादेशरूपी आदेशहरू जारी गर्ने गरिन्छ । यसको अर्थ के हो भने तत्काल केही गर्नुपर्ने तर उक्त तत्काल केही गर्नुपर्ने कार्यले व्यवस्थापकीय सार्वभौमिकता माथि दूरगामी असर नपर्ने शर्तमा मात्र अध्यादेश जारी गर्नुपर्दछ । संविधानले अध्यादेशलाई ऐनसरह मान्य हुने भनी गरेको व्यवस्थाले सरकारले जारी गर्ने अध्यादेशमा ऐन सरहको व्यापकता, गहिराइ, दीर्घकालीन असर, शक्तिपृथकीकरणको मर्म, ऐनले बोकेको दूरदर्शितासँग समेत हुन्छ भनी परिकल्पना गर्न मिल्दैन ।

*(साभार: अनलाइनखबर)*

# पौने ४ सय सेयरधनीले स्वामित्व घटाए बैंकर र व्यवसायी छुट्टिने




काठमाडौं/नेपाल राष्ट्र बैंकको बैंकर र व्यवसायी छुट्याउने प्रस्तावले करिब ४ सय लगानीकर्ताको सेयर स्वामित्व घटाउनु पर्ने देखिएको छ । केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) संशोधन विधेयकमा राखेको उल्लेख्य स्वामित्व सम्बन्धी व्यवस्था स्वीकृत भए ती सेयरधनीको हिस्सा घट्ने भएको हो ।

केन्द्रीय बैंकले बैंकर र व्यवसायी छुट्याउन बाफियाको परिभाषा खण्डमा उल्लेख्य स्वामित्व र सम्बद्ध व्यक्तिको परिभाषा संशोधन प्रस्ताव गरेको छ । प्रस्ताव अनुसार व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट कर्जा सुविधा प्रयोग गर्न तिनका लगानीकर्ताले आफ्नो स्वामित्व घटाउनु पर्ने हुन्छ । केन्द्रीय बैंकले बाफिया विधेयकको मस्यौदा तयार गर्ने क्रममा नै उल्लेख्य स्वामित्व र सम्बद्ध व्यक्तिको परिभाषा संशोधन गर्ने भनेर अध्ययन गरेको थियो । केन्द्रीय बैंकको अध्ययन अनुसार एक प्रतिशतभन्दा धेरै सेयर हुने सेयरधनीको संख्या कुल ३ सय ७३ छ ।

प्रस्तावित सीमाभन्दा धेरै सेयर स्वामित्व भएका सेयर धनीमध्ये २० वाणिज्य बैंकमा एक प्रतिशतभन्दा धेरै सेयर भएका सेयर धनी संख्या ७२ छ । त्यसैगरी १७ विकास बैंकमा विधेयकको प्रस्तावभन्दा धेरै सेयर स्वामित्व हुने सेयरधनी संख्या १ सय ३० छ भने १७ फाइनान्स कम्पनीमा यस्तो संख्या १ सय ७१ छ । केन्द्रीय बैंकले स्वास्थ्य र सबल तथा स्थायी वित्तीय क्षेत्रका लागि बैंकर र व्यवसायी छुट्याउने प्रस्ताव गरेको केन्द्रीय बैंकका एक अधिकारीले बताए ।

'बैंकर र व्यवसायी छुट्याउने प्रस्ताव गरेर उल्लेख्य स्वामित्व भएका सेयर होल्डर संख्या हेर्दा बैंक, विकास बैंक र फाइनान्स कम्पनीमा कुल ३ सय ७३ जना मात्रै देखियो,' ती अधिकारीले भने, 'एक प्रतिशतभन्दा माथि १५ प्रतिशतसम्म सेयर होल्ड गर्नेको संख्या हो त्यो ।' यसमा कुनै एक संस्थामा एक प्रतिशतभन्दा धेरै सेयर लगानी रहेको र अन्यमा एक प्रतिशतभन्दा कम 'क्रस होल्ड' रहेको अवस्थालाई विश्लेषण नगरिएको उनले बताए ।

अहिले उल्लेख्य स्वामित्व २ प्रतिशतभन्दा माथिको सेयर होल्ड गर्ने व्यक्ति वा संस्थालाई बुझिन्छ । यो व्यवस्था संशोधन गर्ने बाफिया विधेयकमा उल्लेख्य स्वामित्व सम्बन्धी व्यवस्था घटाएर एक प्रतिशत बनाउने प्रस्ताव छ । त्यसैगरी सम्बद्ध व्यक्तिको परिभाषालाई पनि विस्तार गरी संशोधन प्रस्ताव गरिएको छ । उक्त विधेयक अहिले संघीय संसदको प्रतिनिधिसभाको अर्थ समितिमा छलफल क्रममा छ ।

विधेयकमा प्रस्ताव गरिएको उल्लेख्य स्वामित्व र सम्बद्ध व्यक्तिको परिभाषाको दायरामा पर्ने व्यक्तिले बैंक तथा वित्तीय संस्थाको स्रोतलाई व्यावसायिक प्रयोग गर्न पाउने छैनन् । बाफिया विधेयकले सम्बद्ध र उल्लेख्य स्वामित्व भएको व्यक्तिले 'बैंक वा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न पाउने छैन' भन्ने व्यवस्था गर्न प्रस्ताव गरेको छ ।

त्यस्तै सम्बद्ध व्यक्तिले आफू सम्बद्ध बैंक वा वित्तीय संस्थाको कानुनी, राजस्व, लेखा वा व्यवस्थापन परामर्शदाता, धितो मूल्यांकनकर्ता वा लेखा परीक्षकका हैसियतमा काम गर्न नपाउने प्रस्ताव छ । प्रस्तावित उल्लेख्य स्वामित्वले कुनै एक संस्थामा एक प्रतिशत वा त्यसभन्दा धेरै सेयर लगानी छ भने अर्को संस्थामा एक प्रतिशतभन्दा कम मात्रै लगानी गर्न पाउनेछन् ।

सेयर होल्ड गर्ने व्यक्ति थोरै भए पनि तिनले होल्ड गरेको सेयर अर्बौंमा रहेको केन्द्रीय बैंकका ती अधिकारीले बताए । साथै, उल्लेख्य स्वामित्व रहेका व्यक्ति सबै व्यवसायी मात्रै नभएको उनको भनाइ छ । 'बैंकर र व्यवसायी छुट्याउन खोजेको हो,' ती अधिकारीले भने, 'कस्तो रिजिममा जान खोजेका छौं त भन्ने हो । अहिले सम्बद्ध व्यक्तिले कर्जा लिन नपाउने व्यवस्थालाई नै प्रभावकारी रूपमा कार्यान्वय गर्न सक्यो भने बैंकर र व्यवसायी छुट्टिन्छन् ।'

बाफिया विधेयकमा गरिएको प्रस्तावले धेरै व्यक्तिलाई असर नगर्ने उनले बताए । 'व्यक्तिले होल्ड गरेको सेयर अर्बौंमा आउँछ । त्यसका लागि तत्काल भन्दा पनि निश्चित समय अवधि दिएर स्वामित्व घटाउन लगाउनु पर्ने हुन्छ । यति धेरै सेयर अफलोड गर्न प्रतिबद्धता पनि आवश्यक हुन्छ,' उनले भने ।

हाल बाफिया ऐन अनुसार राष्ट्र बैंकले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै एक बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको बढीमा १५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने व्यवस्था गर्न सक्ने छ । साथै, कुनै एक बैंक वा वित्तीय संस्थामा लगानी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अर्को बैंक वा वित्तीय संस्थामा लगानी गर्दा उक्त बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको एक प्रतिशतभन्दा कम हुने गरी मात्र लगानी गर्नुपर्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

## 'मोहर'को 'झुम झुम झुम्किका' गीत : बेनिशाको रूपले पलको मुटु चरक्कै




काठमाडौं/नलेखिएको कानुनको कथामा आधारित भनिएको फिल्म 'मोहर'को दोस्रो गीत 'झुम झुम झुम्किका' सार्वजनिक गरिएको छ । सोमबार युट्युबमार्फत सार्वजनिक उक्त गीतमा एसडी योगी र विज्ञानी पराजुलीको स्वर, हर्क साउदको शब्द रचना तथा एसडी योगीको संगीत रहेको छ । गीतका शब्दहरु रमाइला र प्रेमिल सुनिन्छन् । यसको संगीतले दर्शकमा नृत्यको मुड जगाउन सक्छ ।

सार्वजनिक गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमाल नृत्य गर्दै देखिएका छन् । भिडियोमा पलले बेनिशाको रूप र ठुम्काको तारिफ गरेका छन् भने बेनिशाले बिहे गर्न २० वर्ष नपुगुन्जेल पर्खिन आग्रह गरेकी छन् । भिडियोका कोरियोग्राफर कविराज गहतराज हुन् ।

दुई साताअघि फिल्मको पहिलो गीत 'चाहिँदैन मोहर, पर्दैन सुकी' सार्वजनिक गरिएको थियो । युट्युबमा १५ लाख बढी भ्यूज प्राप्त भइसकेको उक्त गीतको भिडियोमा पल शाह र नीति शाह देखिएका थिए । यसमा पलको कपाल छोटो थियो । 'झुम झुम झुम्किका' गीतमा भने उनको कपाल लामो देखिन्छ । यसले फिल्ममा उनको दुई अलग गेटअप रहेको संकेत गर्छ ।

आगामी साउन २३ गतेबाट प्रदर्शन आउने यो फिल्ममा पल, बेनिशा र नीतिसहित अर्जुन जंग शाही, रवीन्द्र झा, मिथिला शर्मा, लक्ष्मी गिरी लगायतको अभिनय रहेको छ । ओम प्रतिकको लेखन तथा निर्देशन र चुम्बन जंग शाहीको लगानीमा बनेको फिल्ममा कुमार महर्जनको द्वन्द्व निर्देशन, दिपेन बस्न्यातको छायांकन तथा सुरेश अधिकारी, एसडी योगी र थानेश्वर गौतमको संगीत छ ।

## धीरजलाई लिएर 'मैझारो' निर्देशन गर्दै विल्सन, 'लाहुरे एण्ड दाउरे' अलपत्र



काठमाडौं/कलाकार विल्सन विक्रम राई 'तक्मे बुढा' एकपटक फेरि फिल्म निर्देशन गर्ने तयारीमा जुटेका छन् । आफ्नो निर्देशनमा बन्ने गरी २०८० सालमा दुई फिल्म 'सिलाम साक्मा' र 'लाहुरे एण्ड दाउरे'को घोषणा गरेर पनि निर्माण गर्न नसकेका उनले अब फिल्म 'मैझारो' बनाउने भएका छन् । सोमबार अभिनेता धीरज मगरलाई मुख्य भूमिकामा अनुबन्ध गर्दै उनले फिल्मबारे जानकारी गराए ।

अघिल्ला दुई फिल्मजस्तो घोषणामा सीमित नभए 'मैझारो'बाट विल्सनको निर्देशनमा डेब्यु हुनेछ । उनले यसअघि केही सिरियल र म्यूजिक भिडियोको भने निर्देशन गरिसकेका छन् । तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा विल्सन स्वयंको स्क्रिप्ट लेखन रहेको छ । यस फिल्ममा अनमोल गुरुङ र तोरेम्पा हाङ राईको संगीत रहनेछ भने सौरभ लामाले छायांकन गर्नेछन् ।

विल्सनले फिल्मका अन्य कलाकारको नाम चाँडै सार्वजनिक गरिने बताएका छन् । उनका अनुसार फिल्मको छायांकन पूर्वी पहाडी भेग इलाम र पाँचथरमा गरिनेछ । सामाजिक कथावस्तुमा आधारित भएर बन्न लागेको यो फिल्म पूर्वी पहाडको जीवनशैली, संस्कृति र सामाजिक यथार्थतामा निर्माण हुने जनाइएको छ । 'मैझारो'को अर्थ कुनै पनि काम सम्पन्न गर्नु वा टुंग्याउनु भन्ने हुन्छ ।

तक्मे प्रोडक्सनले यसअघि निर्माण गरेका हास्य सिरियल र सांगीतिक प्रस्तुतिहरू दर्शकमाझ निकै लोकप्रिय छन् । यो ब्यानरबाट सन् २०१७ मा विल्सनले फिल्म 'रातो घर' पनि निर्माण गरेका थिए । आफ्नो करिअरमा ३० बढी फिल्ममा अभिनय गरिसकेका उनको नयाँ फिल्म 'यो मन त मेरो नेपाली हो' यही असार २७ गतेदेखि प्रदर्शन हुँदैछ । अहिले विल्सन यसैको प्रचारमा व्यस्त छन् ।

# आन्तरिक जहाज दुर्घटनामा मृतकका परिवारले पाउने क्षतिपूर्ति १ लाख डलर पुऱ्याइँदै



काठमाडौं/सरकारले आन्तरिक उडान क्रममा हवाईजहाज दुर्घटनामा परी ज्यान गुमाउने यात्रुका परिवारले पाउने क्षतिपूर्ति रकम बढाउने तयारी गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ को मस्यौदा सार्वजनिक गरेसँगै क्षतिपूर्ति रकम बढाउने तयारी भएको हो ।

सरकारले लामो समयदेखि क्षतिपूर्ति बापत बीमा रकम बढाउन प्रक्रिया थाले पनि सफल हुन सकेको छैन । २०८० सालमै मन्त्रिपरिषद्ले आन्तरिक वायुसेवाको दायित्व तथा बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गरेको थियो । अहिले आन्तरिक उडानमा जहाज दुर्घटना हुँदा मृतकका परिवारले २० हजार अमेरिकी डलर (सोमबारेका विनिमय दरअनुसार २७ लाख २० हजार रुपैयाँ) मात्र क्षतिपूर्ति पाउँछन् ।

अब यसलाई ५ गुणा बढाएर १ लाख डलर अर्थात् १ करोड ३६ लाख रुपैयाँ बराबर पुऱ्याउने प्रस्ताव विधेयकको मस्यौदामा समेटिएको छ । त्यसो त मन्त्रालयले यो विधेयक बनाउन चैत २०७७ मै कार्यदल गठन गरी काम थालेको थियो । तर, लामो समयसम्म यो विषयले प्राथमिकता पाएन ।

नेपालले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मन्ट्रियल महासन्धि १९९९ लाई सन् २०१८ मा अनुमोदन गरेको थियो । यो अनुमोदन गरेसँगै अन्तर्राष्ट्रिय उडानका जहाज दुर्घटनामा परेर ज्यान गुमाउने यात्रुको परिवारले पाउने बीमा बापत क्षतिपूर्ति १ लाख ६५ हजार डलर (२ करोड २४ लाख ४० हजार रुपैयाँ) हाराहारी पुगेको थियो ।

आन्तरिक उडानका जहाजका हकमा क्षतिपूर्ति रकम अन्तर्राष्ट्रियको तुलनामा केही कम गरी तोक्न लागिएको छ । मन्ट्रियल महासन्धिमा दुर्घटना मात्र नभई हवाई यात्राका दौरान हुन सक्ने विलम्ब, यात्रा स्थगन, यात्रुलाई लाग्न सक्ने चोटपटक, अंगभंग वा मृत्यु तथा वायुयानबाट ओसार-पसार गरिने मालसामान ओसारपसार क्रममा विलम्ब, नष्ट वा हराउने र बिग्रिने भएको अवस्थामा पाउने क्षतिपूर्तिको व्यवस्था पनि गरिएको छ ।

मस्यौदामा उल्लेख भए अनुसार टिकट, ब्यागेज ट्याग वा रसिद यात्रुको प्रमाण हुने भएको छ । यात्रा क्रममा बोर्डिङपछि वायुयानभित्र प्रवेश गर्ने क्रममा वा वायुयानभित्र रहँदा वा वायुयानबाट उत्रने क्रममा कुनै दुर्घटना भई चोटपटक लागे वा शारीरिक क्षति वा अंगभंग भए सम्बन्धित वायुसेवा कम्पनीले घटनाबाट पीडितलाई क्षतिपूर्ति बापत अवस्था हेरी अधिकतम १ लाख डलरसम्म क्षतिपूर्ति दिनुपर्ने भएको छ ।

दुर्घटनामा मृत्यु भएमा समेत सम्बन्धित वायुसेवाले क्षतिपूर्ति बापत १ लाख डलर बराबर मृतकको सबैभन्दा नजिकको हकदार लाई उपलब्ध गराउनु पर्ने मस्यौदामा उल्लेख छ । दुर्घटनामा घाइते वा अंगभंग भएमा सम्बन्धित वायुसेवा कम्पनीले नै उपचार गरिदिनु पर्ने प्रावधान समेत राखिएको छ ।

उता, यात्रुकै गम्भीर लापरबाहीका कारण चोटपटक लागे वा अंगभंग भएको प्रमाणित भए कम्पनी क्षतिपूर्ति रकम दिन बाध्य हुने छैन । यात्रुले पहिलेदेखि नै कुनै गम्भीर रोगका कारण अंगभंग भए वा मृत्यु भएसमेत क्षतिपूर्ति दिन बाध्य नहुने मस्यौदामा लेखिएको छ ।

यात्रुको मृत्यु भएको ६० दिनभित्र विवरण खुलाएर सम्बन्धित वायुसेवा कम्पनीमा क्षतिपूर्ति दाबी गर्नुपर्ने समेत मस्यौदामा उल्लेख छ । स्यौदामा मालसामान उपर समेत क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।


टिकट जारी नगरी यात्रा गराउन नहुने प्रावधान समेत मस्यौदामा छ । निर्धारित मिति र समयमा सुरक्षित यात्रा गराउनु पर्ने दायित्व वायुसेवा कम्पनीको हुनेछ । उडान रद्द वा स्थगन भए त्यस्तो उडान हुन निर्धारित समयभन्दा कम्तीमा ३ घण्टा अगाडि नै त्यसबारे जानकारी गराउनु पर्ने भएको छ । टिकट लिएका यात्रुलाई वायुयानको भार क्षमता वा अन्य कुनै कारणले उडान गराउन नसके अर्को उडानबाट सेवा दिनुपर्ने छ ।

त्यसो नभए अर्को विकल्प खोजी यात्रा गराउने र सो त्यो समेत नसके टिकटको पैसा फिर्ता गरी टिकट रद्द गर्न सकिने समेत मस्यौदामा उल्लेख छ । त्यस्तै यात्रारत यात्रुको ब्यागेजमा कुनै क्षति भए वायुसेवा कम्पनी जिम्मेवार हुनुपर्ने समेत मस्यौदामा राखिएको छ । जाँच गरिएका कुनै सामानमा हानि, नोक्सानी भए प्रतिकिलो २० डलरका दरले अधिकतम ५ हजार डलरको सीमा ननाघ्ने गरी त्यस बराबर नेपाली रुपैयाँमा वायुसेवा कम्पनीले दायित्व बेहोर्नुपर्ने समेत मस्यौदामा राखिएको छ ।

मन्त्रालयका प्रवक्ता रामकृष्ण लामिछानेका अनुसार यस मस्यौदामा सर्वसाधारणले समेत राय सुझाव दिन सक्ने गरी सार्वजनिक गरिएको हो । मन्त्रालयमा २७ असारसम्म आइपुग्ने गरी लिखित रूपमा यस्तो राय सुझाव पठाउन सकिने छ ।

*(स्रोत: अनलाइनखबर)*

## तेस्रो त्रैमासमा आर्थिक वृद्धिदर ४.८ प्रतिशत



काठमाडौं/चालु आर्थिक वर्ष २०८१/८२ तेस्रो त्रैमास (माघ-चैत) मा अर्थतन्त्र ४.८ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार गत आव २०८०/८१ को सोही त्रैमासको तुलनामा अर्थतन्त्रमा यस्तो विस्तार हुने अनुमान गरिएको हो । यो त्रैमासमा अर्थतन्त्रका सबै क्षेत्र धनात्मक हुने अनुमान छ । यो अवधिमा निर्माण क्षेत्रले गति लिएको देखिएको छ ।

साथै, विद्युत् उत्पादन तथा वितरणमा वृद्धि, वित्तीय तथा बीमा क्षेत्रमा भएको वृद्धि, खानी तथा खनीज पदार्थको उत्खनन्मा भएको वृद्धिले अर्थतन्त्र विस्तारमा सकारात्मक भूमिका खेलेको कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले जानकारी दिए । कार्यालयले अर्थतन्त्रका १८ औद्योगिक क्षेत्रको गणना गर्दै आएको छ । यो अवधिमा शिक्षा, पानी तथा फोहोर व्यवस्थापन, आवास तथा भोजन क्षेत्रमा भने औसतमात्र वृद्धि देखिएको छ ।

उता, चालु आव दोस्रो त्रैमास (कात्तिक-पुस) को तुलनामा भने तेस्रो त्रैमासमा अर्थतन्त्र ०.६ प्रतिशले वृद्धि हुने अनुमान छ । दोस्रो त्रैमासको तुलनामा तेस्रो त्रैमासमा १८ औद्योगिक क्षेत्रमध्ये यातायात तथा भण्डारण, वित्तीय तथा बीमा र आवास तथा भोजन क्षेत्र ऋणात्मक अवस्थामा पुगेको कार्यालयको तथ्यांक छ ।

अन्य क्षेत्रको वृद्धिसमेत सामान्य रहँदा कुल गार्हस्थ उत्पादन (जीडीपी) को वृद्धि झिनोमात्र देखिएको हो । यो अवधिमा विद्युत् उत्पादन र वितरण क्षेत्रको वृद्धिदर उल्लेख्य रहेको देखिन्छ ।

**औद्योगिक क्षेत्रगत वृद्धिदर कति ?**

कार्यालयले जीडीपीको वृद्धिदरका लागि गणना गर्ने १८ औद्योगिक क्षेत्रमध्ये विद्युत् उत्पादन तथा वितरणको सबैभन्दा धेरै १२.५ प्रतिशतले वृद्धि भएको छ । निर्माण क्षेत्र ६.९ प्रतिशतले बढेको छ । खानी तथा खनिज पदार्थ उत्खननु र वित्तीय तथा बीमा क्षेत्र ६.७ प्रतिशतले वृद्धि भएको छ ।

सूचना तथा सञ्चार क्षेत्र ६.६ प्रतिशत, यातायात तथा भण्डारण ६.३ र औद्योगिक उत्पादन ६.२ प्रतिशतले विस्तार भएको अनुमान कार्यालयको छ । अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान गर्ने कृषिको वृद्धिदर ३.६ प्रतिशत रहने देखिएको छ । हिउँदे बाली, तरकारी बाली र केही नगदेबाली उत्पादन यस वर्ष बढेको लामिछानेले जानकारी दिए । अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्रमा ५.६ प्रतिशतले वृद्धि हुने अनुमान छ । उत्पादनमूलक उद्योगको वृद्धिदर ६.२, शिक्षा २.३, पानी आपूर्ति २.४ र आवास तथा भोजन क्षेत्रको वृद्धिदर २.५ प्रतिशतले बिस्तार हुने देखिन्छ ।

**अघिल्लो त्रैमासको तुलनामा कुन क्षेत्र तङ्गिए, कुन सेलाए ?**

कार्यालयका अनुसार दोस्रो त्रैमासको तुलनामा तेस्रो त्रैमासको आर्थिक वृद्धिदरको अवस्था हेर्दा १८ औद्योगिक क्षेत्रमध्ये १५ वटाको विस्तार भएको छ । तीन क्षेत्र घटेको छ । यो अवधिमा विद्युत् तथा ग्यास उत्पादन सबैभन्दा बढी ५.५ प्रतिशतले विस्तार हुने अनुमान छ । सेवा क्षेत्रमा २.५ प्रतिशतको वृद्धि हुने देखिएको छ । अर्थतन्त्रमा बढी हिस्सा ओगट्ने कृषिको ०.७ प्रतिशतमात्र वृद्धि हुने अनुमान छ । समग्रमा ०.६ प्रतिशतले अर्थतन्त्र विस्तार हुने अनुमान गरिएको छ ।

ऋणात्मक वृद्धिदर हुनेमा यातायात तथा भण्डारण क्षेत्रको -३.३ प्रतिशत, वित्त तथा बीमा क्षेत्रको -१.६ प्रतिशत र आवास तथा भोजन क्षेत्रको वृद्धिदर -०.८ प्रतिशतले ऋणात्मक रहने कार्यालयले जनाएको छ । चालु आव २०८१/८२ मा वार्षिक आर्थिक वृद्धिदर भने ४.६१ प्रतिशत हुने कार्यालयको अनुमान छ । गत वैशाखमा सार्वजनिक राष्ट्रिय लेखा तथ्यांक अनुसार अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब पुग्ने अनुमान छ ।

अघिल्लो आव २०८०/८१ मा ३.६७ प्रतिशतले अर्थतन्त्र विस्तार भएको थियो । २०७९/८० मा भने १.९८ प्रतिशतले मात्र अर्थतन्त्र विस्तार भएको कार्यालयको तथ्यांक छ ।

## फागुन १ मा आउँदै 'जहाजैमा', चार फिल्मबीच भिडन्त तय



काठमाडौं/यतिबेला धेरै निर्माताको नजर फागुन १ मा छ । त्यसको कारण हो, सार्वजनिक विदाको लस्कर । उक्त मितिमा फिल्म रिलिज गर्दा शनिबारबाहेक महाशिवरात्री, ग्याल्पो ल्होछार र प्रजातन्त्र दिवस गरी तीनवटा विदा मिल्नेछ । एउटा विदाका लागि त लडाइँ गर्ने निर्माताहरु एकै सातामा तीनवटा विदा पाउने भएपछि अहिले फागुन १ गतेलाई प्रदर्शन मिति घोषणा गर्न हानाथाप गरिरहेका छन्।

अहिलेसम्म उक्त मितिमा 'डबल ट्रिपल', 'कल्ली', 'लालीबजार' र 'जहाजैमा'मा गरी चार फिल्म आउने तय भएको छ । 'जहाजैमा'ले सोमबार मात्र फागुन १ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो । कृषा चौलागाईंको निर्देशनमा बन्न लागेको यो फिल्मको वितरणको जिम्मा आरआर फिल्म्सलाई दिइएको छ । फिल्मको छायांकन आगामी भदौबाट सुरु हुँदैछ ।

अभिमन्यू निरवीको लेखन रहेको फिल्ममा केदार घिमिरे (माग्ने बुढा), सौगात मल्ल र जापानीज अभिनेत्री रुजेल इचिमिया मुख्य भूमिकामा अनुबन्धित भइसकेका छन् । फिल्ममा अभिनेता प्रदीप खड्का पनि भित्रिने प्रबल सम्भावना छ । उनीसँग निर्माण पक्षको मौखिक सहमति भइसकेको जानकारी प्राप्त छ । अहिले उनी फिल्म 'ऐरी'को छायांकनमा व्यस्त छन् । पुरुषोत्तम प्रधानको डीओपी रहने फिल्मको छायांकन जापानमा सुरु हुनेछ । त्यसपछि नेपाल र फिलिपिन्समा खिचिनेछ । उज्ज्वल गुरागाँइको निर्माणमा तयार हुन लागेको फिल्मलाई यूएनए प्रोडक्सनको ब्यानरमा बनाउन लागिएको हो । यो फिल्मले नेपाल-जापानको सम्बन्ध, प्रेम, सपना र संघर्षको कथा भन्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# असार २८ गते 'मकवानपुर कोरा-२०२५' हुने



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/यही असार २८ गते शनिबार हेटौंडामा हुने धार्मिक साइक्लिङ यात्रा 'मकवानपुर कोरा-२०२५' को रुट आयोजक हिमालयन राइडर्स सोसाइटीले सार्वजनिक गरेको छ ।

आयोजकका अनुसार यसपटकको यात्रा हेटौंडा-४ स्थित भुटनदेवी स्कुल प्रांगणबाट सुरु हुनेछ । त्यसपछि यात्रा शीतलमहल चोक, हुप्राचौर हुँदै पशुपति मन्दिर, ओम्याक्स हलरोड हुँदै थाहाचोकतर्फ अघि बढ्नेछ । रजतजयन्ती स्तम्भ हुँदै मेनरोडको बुद्धचोक, कान्तिराजपथ, चौघडा बजारमा मोही खानको लागि केहीबेर रोकिने कार्यक्रम तय भएको छ । साइकल यात्राले चुच्चेखोला, गैरीगाउँ, शिवम् सिमेन्ट, हटिया, चिसापानी हुँदै रंगशालालाई बायाँ पारेर नागसोतीतर्फ प्रस्थान गर्ने आयोजकले जनाएको छ ।

त्यहाँबाट कमानेमा पुनः मोही खानको लागि विराम लिइनेछ । त्यसपछि नमूनाचोक, बज्रगुरु मेडिकल हुँदै उत्तर ओरालो झरी शान्तिनगर, भैरवरोड, कान्तिराजपथ, बुद्धचोक हुँदै चौकीटोल ओरालो झरेर हिमालयन दरबार होटल पुगिनेछ ।

त्यहीँ प्रमाणपत्र वितरण तथा खानाखाने कार्यक्रमका साथ 'मकवानपुर कोरा- २०२५' को समापन गरिने आयोजक संस्थाका अध्यक्ष राजु थापामगरले जनाएका छन् । हालसम्म कोरामा सहभागी हुनका लागि एकसय ५० जनाले फर्म भरिसकेका छन् ।

मकवानपुर कोरा-२०२५ मा सहभागी हुनका लागि बाराको निजगढ, सिमरा र रौतहटबाट सहभागी हुने भएका छन् । कोराका लागि हेटौंडा-४ वडा कार्यालयले सहयोग गरेको सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यले जानकारी दिए ।

बुद्ध मेडिकलले साइकलयात्रीको स्वास्थ्यमा आउन सक्ने समस्यामा सहयोग गर्ने भएको छ । कोरामा सहभागी हुन सइकल सौन्दर्यका लेखक डा. तारालाल श्रेष्ठले पनि सहभागिता जनाउने भएका छन् । सहभागी साइक्लयात्रीको दुर्घटना बीमा गरिएको सोसाइटीका अध्यक्ष थापामगरले जानकारी दिएका छन् ।

# एक दसकमा १६ प्रतिशत खेतीयोग्य जमिन घट्यो

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ पछिल्ला एक दसकमा नेपालमा तीव्र सहरीकरणका कारण खेतीयोग्य जमिनमा प्रत्यक्ष असर पारेको देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार पछिल्लो एक दशकमा (वि.सं. २०६८ देखि २०७८ सम्म) खेतीयोग्य भूमि १६.६ प्रतिशतले घटेको छ । २०६८ सालमा २२ लाख हेक्टर रहेको उब्जाउयोग्य भूमि एक दशकपछि १८ लाख हेक्टरमा सीमित रहेको तथ्यांकले देखाएको छ । समीक्षा अवधिमा सातवटै प्रदेशमा खेतीयोग्य जमिन घटेको छ । तीमध्ये गण्डकी प्रदेशमा सबैभन्दा बढी (२२.९ प्रतिशत) र मधेश प्रदेशमा सबैभन्दा कम (१२.९ प्रतिशत) खेतीयोग्य जमिन घटेको हो ।

पछिल्लो समय सहरीकरण बढ्दो छ । पहाड वा दुर्गम भूभागबाट तराई तथा सहर केन्द्रित क्षेत्रतिर बसाइँसराइ गरी आउने क्रम बढ्दो देखिन्छ । यही कारण तराई वा सुगमस्थानमा खेतीयोग्य जमिन प्लटिङ गरी बस्ती बसाउने क्रम बढेको हो । तीव्र सहरीकरणका कारण सहर र सहरकेन्द्रित क्षेत्रको जनसंख्या पनि बढिरहेको छ । पछिल्लो जनगणनाको तथ्यांकले एक दशकमा सहर र सहर केन्द्रित क्षेत्रको जनसंख्या करीब ४ प्रतिशतले बढेको देखाएको छ ।

२०७८ को जनगणना अनुसार नेपालमा सहरी र सहर केन्द्रित क्षेत्रमा ६७ प्रतिशत बसोबास गर्छन् । २०६८ सालको जनगणनाको तथ्यांकअनुसार यो क्षेत्रमा बसोबास गर्ने ६३.१९ प्रतिशत मात्रै थिए । सहर र सहर केन्द्रितक्षेत्रको जनसंख्या बढेसँगै ग्रामीण क्षेत्रको जनसंख्या घटेको छ । अघिल्लो जनगणना अनुसार ३६.८१ प्रतिशत रहेको ग्रामीण भेगको जनसंख्या पछिल्लो जनगणनामा भने ३३ प्रतिशतमा सीमित बनेको छ ।

# अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प




साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ नेपाल चिकित्सक सैले देशभरका अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प पारेको छ ।

उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकार माथि हस्तक्षेप भएको भन्दै नेपाल चिकित्सक संघको आब्हानमा सोमबार देशभरका निजी तथा सरकारी अस्पतालमा चिकित्सकले इमर्जेन्सीबाहेकका सेवा ठप्प पारेको हो ।

यसको असर मकवानपुरका स्वास्थ्य संस्थामा परेको छ । केन्द्रीय कार्यक्रमलाई समर्थन गर्दै नेपाल स्वास्थ्यकर्मी संघ मकवानपुरको नेतृत्वमा जिल्लाका सरकारी तथा निजी अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प भएको थियो । मकवानपुरको हेटौंडा अस्पताल लगायत अन्य निजी अस्पतालले पनि आकस्मिक बाहेकका सेवा बन्द गरेका हुन् । चिकित्सकहरुको बन्दका कारण सेवाग्राही भने समस्यामा परेका छन् ।

केहीदिन अगाडि उपभोक्ता अदालतले उपचारमा लापरबाहीका कारणले बिरामीलाई क्षति पुगेको भन्दै बिरामी र बिरामीका आफन्तको उजुरीमा ओम, हिमाल र ग्रान्डी सिटीगरी तीनवटा अस्पताल र उपचारमा संलग्न चिकित्सकलाई उपचारमा लापरबाही भएको ठहर गर्दै क्षतिपूर्तिको फैसला सुनाएको थियो ।

यो निर्णय सार्वजनिक भएसँगै यसको विरुद्धमा चिकित्सक संघले चरणबद्ध आन्दोलन घोषणा गरेको छ । संघको घोषित कार्यक्रम अन्तर्गत आइतबार आफ्नो कार्यस्थलमा पहिलो एकघण्टा धर्ना दिने, असार २३ गते सोमबार देशभरका स्वास्थ्य संस्थामा आकस्मिक सेवा बाहेक सेवा बन्द गर्ने, चिकित्सकबाट हस्ताक्षर तथा मेडिकल काउन्सिलको प्रमाणपत्र संकलन गरी संघको केन्द्रीय कार्यालय बुझाउने कार्यक्रम तय भएको छ ।

मंगलबार काउन्सिलमा प्रमाणपत्र फिर्ता गर्नेसम्मको आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । चिकित्सक संघको आन्दोलनको एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज, अफिन, एपोन, केमसन, नेपाल नर्सिङ एसोसिएसन, नेपाल फिजियोथेरापी एसोसिएसन, नेपाल भेटेरिनरी एसोसिएसन, एनाभिएमआइए, एनपिएचओ लगातयका संस्थाले ऐक्यबद्धता जनाएका छन् ।

# थाहानगरको किटेनीमा चोरी, तीन जना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ थाहा नगरपालिका वडा नं. ४ किटेनीस्थित बलराम केसी र बासुदेव केसीको घरमा दिनदहाडै डाँकाचोरीको घटना भएको छ ।

असार २२ गते दिउँसो २ बजेदेखि ३ बजेको बीचको समयमा घरमा कोही नभएको मौका छोप्दै मुलढोकाको ताला फोडेर नगद १ लाख ५ हजार नगदसहित मोवाइल, खुकुरी समेत जिन्सी चोरी भएको हो । घटना सम्बन्धमा स्थानीयबासी र छरछिमेकले दिएको जानकारीका आधारमा संदेह गरिएका तीन जना व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

चोरीपछि फरार अवस्थामा रहेका उनीहरुलाई सोहीदिन पक्राउ गरिएपछि गरिएको र शरीर तलासीमा चोरीसँग सम्बन्धित विभिन्न सामग्री फेला परेका छन् । पक्राउ पर्नेहरुमा जिल्ला सर्लाही हरिवन नगरपालिका-९ बस्ने ३० वर्षीय संजीव परियार, मकवानपुर थाहा नगरपालिका-२ देउलाटोल बस्ने करिब ३५ वर्षीय कान्छा भनिने प्रदीप पोडे, र ललितपुर गोदावरी नगरपालिका-१३ झरासी बस्ने करिब ३० वर्षीय चमार भन्ने बिमल नेपाली रहेका छन् ।

प्रहरीले उनीहरुको साथबाट नेपाली रुपैयाँ नगद ६८ हजार ९ सय ३१, विभिन्न कम्पनीका ५ थान मोवाइल, सिमकार्ड १ थान सुनजस्तो देखिने पहेँलो धातुको औंठी १ थान खुकुरी, कटर चक्कु, एअरपोर्ट, घडी, मूर्ति, विड आदि अन्य सामग्री फेला पारेको हो । पीडित बलराम केसी र बासुदेव केसीले ईलाका प्रहरी कार्यालय पालुङमा छुट्टाछुट्टै जाहेरी दिएपछि चोरी तथा डाँकासम्बन्धी कसूरमा मुद्दा दर्ता गरिएको छ । पक्राउ परेका तीनै जनालाई मकवानपुर जिल्ला अदालतबाट आठ दिनको म्याद थप गराई अनुसन्धान कार्य भइरहेको ईलाका प्रहरी कार्यालयका प्रमुख सविन बाबू अर्यालले बताए ।

# फ्रयाङ्कलिनको ओपनिङ सेरोमनीमा स्पट अफर लेटर




साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ हेटौंडा-६ चौघडामा रहेको फ्रयाङ्कलिन एजुकेशन कन्सल्टेन्सीले अब हेटौंडा-२ कान्तिराजपथको लक्की प्लाजाबाट सेवाप्रवाह गर्ने भएको छ ।

असार २७ गते शुक्रबार एक कार्यक्रमकाबीच ओपनिङ सेरोमनीका साथै विद्यार्थीलाई स्पट अफर लेटर प्रदान गरिने कार्यक्रम रहेको फ्रयाङ्कलिनका प्रबन्धनिर्देशक आलोक श्रेष्ठले बताए । 'हामीले चौघडाबाट सेवा दिएका थियौ, अब कान्तिराजपथबाट दिनेछौं,' उनले भने । कन्सल्टेन्सीले युके, क्यानडा, युएसए, अष्ट्रेलिया, जर्मन, डेनमार्क, फिनल्याण्ड लगायत मुलुकमा उच्चशिक्षा अध्ययनका लागि विद्यार्थी पठाउँदै आइरहेको श्रेष्ठले बताए । शुक्रबार युके, क्यानडा, जर्मन र अष्ट्रेलियाका विभिन्न युनिभर्सिटीका प्रतिनिधिको सहभागितामा ओपनिङ समारोह सञ्चालन हुने उनले बताए ।

उच्चशिक्षाका लागि ईच्छुक विद्यार्थीलाई आफ्नो शैक्षिक प्रमाणपत्र सहित कार्यक्रममा सहभागिता जनाउन श्रेष्ठले आग्रह गरेका छन् । 'युनिभर्सिटीका प्रोसेसरहरुकै उपस्थितिमा हुने भएकाले आफ्नो योग्यताअनुरुप कार्यक्रममा सहभागी हुन आग्रह छ, बि टु बि कनेक्सन, स्पट अफर लेटर, सहभागीलाई प्रमाणपत्र प्रदान, विभिन्न उपहार तथा नगद पुरस्कार कार्यक्रम समेत छ,' श्रेष्ठले भने । कार्यक्रमको लागि बैंकिङ पार्टनरको रुपमा एनएमबी बैंक रहेको उनले जनाएका छन् ।

प्रवन्धनिर्देशक श्रेष्ठ पनि युकेको एमबिए युनिभर्सिटी अफ वेल्सबाट उच्चशिक्षा लिएका हुन् । उनी लामो समयदेखि हेटौंडामा फ्रयाङ्कलिन सञ्चालन गर्दै आइरहेका छन् । फ्रयाङ्कलिनले हेटौंडासहित काठमाडौं, पोखरा, लण्डन, क्यानडामा आफ्नो कार्यालय सञ्जालबाट सेवा प्रदान गर्दै आइरहेको श्रेष्ठले बताए ।

# जेसीआई हेटौंडाले गऱ्यो पोशाक वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ जेसीआई हेटौंडाको आयोजनामा सोमबार एक कार्यक्रमकाबीच हेटौंडा-९ स्थित त्रिवेणी आधारभूत विद्यालयमा पोशाक वितरण भएको छ ।

आँसु बानियाँको संयोजकत्वमा भएको कार्यक्रम जेसीआई हेटौंडा वर्ष २०२५ का शाखाअध्यक्ष सिनेटर पंकजदास बानियाँको सभाअध्यक्षता, विद्यालयका प्रधानाध्यापक एवम् जेसीआई हेटौंडा लेडी वर्ष २०२० का शाखाअध्यक्ष सुशीला पौडेल, वडा नं ९ का वडासदस्य कमला पौडेल, बिष्णु राना, जेसीआई हेटौंडाका निवर्तमान अध्यक्ष तथा जेसीआई नेपाल वर्ष २०२५ का राष्ट्रिय महासचिव सिनेटर विकेशलाल श्रेष्ठको आतिथ्यता रहेको थियो ।

जेसीआई हेटौंडा वर्ष २०२० का शाखाअध्यक्ष सिनेटर राजदेव बानियाँको पिता बिहारीलाल बानियाँको स्मृतिमा आयोजित कार्यक्रम हेटौंडा-९ का वडाअध्यक्ष एवम् जेसीआई हेटौंडाका मानार्थ सदस्य सुकराम केसीको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रमुखअतिथि केसी, विशिष्ट अतिथि सिनेटर श्रेष्ठलगायत अन्य अतिथिले विद्यालयमा कक्षा नर्सरीमा अध्यरत २५ जना विद्यार्थीलाई टिसर्ट, टाउजर, जुत्ता, मोजालगायत पोशाक हस्तान्तरण गरेका थिए । पोशाक सौजन्यकर्ता बानियाँले आगामी दिनमा पनि पोशाक वितरण कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । जेसीआई हेटौंडा वर्ष २०२५ का महासचिव जेसी संजयकुमार न्यौपाने, विद्यालयका प्रअ, हेटौंडा लेडी जेसीजकी पूर्व अध्यक्ष पौडेल, विशिष्ट अतिथि २०२५ का राष्ट्रिय महासचिव श्रेष्ठ, प्रमुखअतिथि वडाअध्यक्ष केसीले मन्तव्य व्यक्त गरेका थिए ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति: २०८२/०३/२४*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित तपसिलको सूचना बमोजिम यस कार्यालयमासमय सीमाभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गरि अधिकतम मूल्याङ्कित (कबोल अंक) सारभूत रुपमा प्रभावग्राही भएको हुँदा हेटौंडा उपमहानगर पालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ को दफा (४) को उपदफा (२) बमोजिम स्वीकृत भएकोले सोहि कार्यविधिको दफा ५ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि.न. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1. | HSMC/Rajaswa/01/2082/83 | Procurement for the collection of Tax for Advertisement (विज्ञापन कर संकलन) | श्री सेभेन रेन्वोज कन्स्ट्रक्सन, हेटौंडा, मकवानपुर | रु.४०,२५,०००।०० |
| 2. | HSMC/Rajaswa/02/2082/83 | Procurement for the Collection of KAWADI Tax (कवाडी कर संकलन) | श्री स्याङ्तान ईन्फ्रा प्रा.लि., हेटौंडा, मकवानपुर | रु.१,००,०१,०००।०० |
| 3. | HSMC/Rajaswa/03/2082/83 | Procurement for the Collection of road maintenance tax in Bypass Road, Hetauda-10 (बाईपास सडक पूर्वाधार मर्मत तथा संभार शुल्क संकलन) | श्री अमित ठेक्का पट्टा, बिरगंज, पर्सा | रु.४,४२,४२,४४२।०० |
| 4. | HSMC/Rajaswa/04/2082/83 | Procurement for the Collection of Tax for Toilet (सार्वजनिक शौचालय शुल्क संकलन) | श्री आस्था कन्स्ट्रक्सन, हेटौंडा, मकवानपुर | रू.२५,८१,१००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**ऋणी सदस्यहरुलाई बिशेष सूचना !**

*आदरणिय ऋणी सदस्य महानुभावहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको सावाँ तथा ब्याज यहि २०८२ आषाढ ३१ गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गरिन्छ । सहकारी संस्थाहरुको ऋण असुलीका लागी नेपाल सरकारबाट भरखरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भइ प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्य सम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा ब्याज नबुझाउने वानियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको बिवरण सहित तीनपुस्ते अभिलेख पठाउन र पत्रिकामा प्रकाशित गर्न संस्था बाध्य हुने यसै सूचनामार्फत सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ ।

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, पुरानो मकवानपुर रोड
सम्पर्क नं.०५७-५२६८३३

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना